Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD : 2057
25th RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २६ | अंक: ७० | वि.सं. २०८३ असार ८ सोमबार | नेपाल संवत: ११४५, ज्येष्ठ शुक्ल अष्टमी | Monday 22 June 2026 | yugaawhan@gmail .com | पृष्ठ: ४ | मूल्य: ५ ।-

### कर्णालीका विद्यालयमा विद्यार्थी संकट :

# गाउँका विद्यालय रित्तिँदा वीरेन्द्रनगरमा विद्यार्थीको थेगि नसक्नुको चाप






**युग संवाददाता**
**सुर्खेत, ७ असार ।**

दैलेखको नौमुले गाउँपालिका-६ तल्लो नाउलेमा रहेको भैरव प्राथमिक विद्यालयको सेवा क्षेत्रमा ४२ घरधुरी छन् । प्रारम्भिक बालविकास (ईसीडी) देखि कक्षा ५ सम्म पढाइ हुने यस विद्यालयमा विद्यार्थी भने जम्मा २६ जना छन् । तीमध्ये १० जना प्रारम्भिक बालविकास केन्द्रमा छन् ।

कक्षा-१ देखि ५ सम्म १६ जना मात्र विद्यार्थी छन् । विद्यालयमा शिक्षक दरबन्दी दुई जनाको छ। पहाडी जिल्लाका लागि कायम गरिएको विद्यार्थी-शिक्षक अनुपातअनुसार एक शिक्षक बराबर ३५ विद्यार्थी हुनुपर्छ । तर, भैरव प्राथमिक विद्यालयमा कुल विद्यार्थी संख्या एक शिक्षक बराबर पनि पुग्दैन । प्रधानाध्यापक रेशमबहादुर रानाका अनुसार विद्यालयमा विद्यार्थी कम हुनुको प्रमुख कारण जन्मदर घट्नु र बसाइँसराइ हो ।

'पहिलो कुरा त जन्मदर नै घटिसकेको छ, धेरै सन्तान जन्माउने चलन अहिले छैन,' राना भन्छन्, 'अर्को कुरा, गाउँका मानिस सहर वा सुविधा भएको ठाउँतिर गइरहेका छन् । परिवार गएपछि छोराछोरी पनि विद्यालय छोडेर जाने नै भए ।'

कालीकोटको खाँडाचक्र नगरपालिका-१० मा रहेको जइरामजैसी आधारभूत विद्यालयमा प्रारम्भिक बालविकास र कक्षा-१ मात्र सञ्चालनमा छन् । विद्यालयमा जम्मा १५ विद्यार्थी छन् । तीमध्ये १० जना बालविकासमा र पाँच जना कक्षा १ मा छन् । विद्यालयको सेवा क्षेत्र सानो छ । तर, प्रधानाध्यापक हुकुमा मल्लका अनुसार त्यही सेवा क्षेत्र पनि खाली हुँदै गएको छ । 'सेवा क्षेत्रभित्रका आधा घरपरिवार त बसाइँ सरेर कैलाली गइसकेका छन्,' मल्ल भन्छिन्, 'यहाँ भएका बालबालिका नै यति हुन् ।' विद्यालयमा एक जना ईसीडी र एक जना प्रावि तहका शिक्षक छन् । विद्यार्थी-शिक्षक अनुपातका आधारमा विद्यालयमा कम्तीमा ५० विद्यार्थी हुनुपर्ने मल्ल बताउँछिन् ।

नौमुले गाउँपालिकाकी शिक्षा शाखा प्रमुख तथा वरिष्ठ शिक्षा अधिकृत अनिशा थारूका अनुसार गाउँपालिकाभित्र अहिलेसम्म विद्यालय गाभिएका छैनन् । तर, पछिल्ला शैक्षिक सत्रमा विद्यार्थी संख्या घट्दो क्रममा देखिएपछि विद्यालय 'मर्ज' गर्ने विषयमा छलफल भइरहेको उनी जनाउँछिन् । भैरव र जइरामजैसीले कर्णालीका धेरै ग्रामीण विद्यालयको प्रतिनिधित्व गर्छन् । कतै विद्यालय छन्, विद्यार्थी छैनन् । कतै शिक्षक छन्, तर अनुपातअनुसार पढाउने बालबालिका छैनन् ।

कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालयसँग भएको रेकर्डअनुसार प्रदेशभर तीन हजार चार सय ३५ सामुदायिक विद्यालय छन् । मन्त्रालयले शिक्षा व्यवस्थापन सूचना प्रणालीका आधारमा विद्यालय र विद्यार्थीको तथ्यांक राख्छ ।

मन्त्रालयको तथ्यांकअनुसार प्रदेशका कुल विद्यालयमध्ये एक हजार एक सय ८८ विद्यालयमा ५० जनाभन्दा कम विद्यार्थी छन् । तीमध्ये धेरै आधारभूत र प्राथमिक विद्यालय छन् । केही प्रारम्भिक बालविकास केन्द्र पनि यस समूहमा पर्छन् । सेवा क्षेत्रलाई आधार मानेर खोलिएका विद्यालयमै विद्यार्थी-शिक्षक अनुपातअनुसार विद्यार्थी नहुनुका धेरै कारण छन् । तर, सबैभन्दा देखिने कारण बसाइँसराइ हो । अवसर, रोजगारी, स्वास्थ्य, शिक्षा र यातायात सुविधाको खोजीमा परिवार सहरकेन्द्रित हुन थालेपछि गाउँका विद्यालयमा विद्यार्थी घट्दै गएका हुन । विद्यार्थी घटेकै कारण विद्यालय गाभिने अर्थात् मर्ज हुने विषय पनि स्थानीय तहमा छलफलमा आउन थालेको छ ।

जाजरकोटको छेडागाड नगरपालिकाको पजारु गाउँमा रहेको दुर्गा प्राथमिक विद्यालयमा प्रारम्भिक बालविकासदेखि कक्षा-३ सम्म पढाइ हुन्छ । विद्यालयमा ४७ विद्यार्थी छन् । बालविकास, राहत र नगर अनुदानका तीन शिक्षक कार्यरत छन् । केही वर्षअघि शिक्षक दरबन्दी नभएकाले पाँच कक्षासम्म चलेको विद्यालयलाई कक्षा ३ सम्म झारिएको थियो ।

प्रधानाध्यापक राजुकुमारी शाहीका अनुसार विद्यालयमा सुरुदेखि नै विद्यार्थी

▶▶ बाँकी ४ पेजमा

## वीरेन्द्रनगमा विद्यार्थीको थेगि नसक्नुको चाप

गाउँका विद्यालयमा विद्यार्थी-शिक्षक अनुपातभन्दा निकै कम विद्यार्थी हुँदा प्रदेश राजधानी वीरेन्द्रनगरका सामुदायिक विद्यालय भने विद्यार्थीले भरिभराउ छन् । वीरेन्द्रनगर-६ स्थित जन नमुना माध्यमिक विद्यालय सुर्खेतका राम्रा सामुदायिक विद्यालयमध्ये पर्छ ।

अभिभावक र विद्यार्थीको आकर्षण बढेपछि विद्यालयमा थेगिनसक्नु विद्यार्थी चाप छ । चालु शैक्षिक सत्रमा प्रारम्भिक बालविकासदेखि कक्षा १२ सम्म तीन हजारभन्दा बढी विद्यार्थी भर्ना भएका छन् । सीटीईभीटीतर्फ तीनवर्षे डिप्लोमा कार्यक्रममा छुट्टै विद्यार्थी छन् । शिक्षक र कर्मचारीको संख्या एक सय १८ छ । प्रधानाध्यापक यामबहादुर श्रेष्ठका अनुसार विद्यालयको क्षमताभन्दा बढी विद्यार्थी भर्ना हुन थालेपछि सीमित कोटा निर्धारण गरेर मात्र भर्ना लिने गरिएको छ ।

'एक त हाम्रो पूर्वाधार र जनशक्तिका हिसाबले सेवा क्षेत्रभित्रकै विद्यार्थीले पुग्ने अवस्था हुन्छ,' श्रेष्ठ भन्छन्, 'अन्य जिल्लाबाट यहाँ आएर बसोबास गर्नेहरूको पनि यो विद्यालयप्रति आकर्षण भएकाले हामीले खोलेको कोटाभन्दा बढी विद्यार्थी भर्ना हुन आउनुहुन्छ ।' विद्यालयले पछिल्लो समय विशेषगरी प्रारम्भिक बालविकास, कक्षा ६ र कक्षा-९ मा मात्र नयाँ भर्ना लिने गरेको छ ।

आवश्यक परे अरू कक्षामा पनि विद्यार्थी पूर्ति गर्ने गरिएको श्रेष्ठ बताउँछन् । जन नमुना माविमा कार्यरत एक सय १८ शिक्षक-कर्मचारीमध्ये ३२ जना शिक्षकको मात्र स्वीकृत दरबन्दी छ । निजी स्रोतबाट पूर्णकालीन पाँच जना र आंशिक

▶▶ बाँकी ३ पेजमा

## अभिभावकमा अंग्रेजीको भुत

शिक्षाविद् जीतबहादुर शाह शिक्षा, स्वास्थ्य, रोजगारी र अवसरको खोजीमा हुने बसाइँसराइका कारण गाउँका विद्यालयमा विद्यार्थी संख्या न्यून हुँदै गएको बताउँछन् । लामो समय शिक्षा क्षेत्रमा काम गरेका शाहका अनुसार अभिभावकले बालबालिकालाई सानै उमेरदेखि बजार पठाउने प्रचलन बढ्दा गाउँका विद्यालय खाली हुने अवस्था आएको हो । उनी बालबालिकालाई कम्तीमा कक्षा ५ सम्म जन्मेकै ठाउँमा पढाउने नीति आवश्यक

▶▶ बाँकी ३ पेजमा

## पन्ध्र किलो अफिमसहित दुई महिला पक्राउ

**युग संवाददाता**
**बर्दिया, ७ असार ।**

ठूलो परिमाणको लागूऔषध अफिमसहित दुई महिलालाई प्रहरीले पक्राउ गरेको छ । बाँसगढी नगरपालिका-३, उत्तर भकारीस्थित क्षेत्रबाट लागूऔषधसहित दुई महिलालाई आइतबार अपराह्न साढे ४ बजे प्रहरीले पक्राउ गरेको हो ।

लागूऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय नेपालगञ्ज र इलाका प्रहरी कार्यालय मोतिपुरको संयुक्त प्रहरी टोलीले ठूलो परिमाणको लागूऔषधसहित दुई महिलालाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा बढैयाताल गाउँपालिका-४, खैरेनीकी ३० वर्षीया सन्ध्या घर्ती मगर र बाँसगढी नगरपालिका-३, लक्ष्मणपुरकी ४२ वर्षीया मीना रोकाया रहेकी छन् ।

दुवै जनालाई नियन्त्रणमा लिएर चेकजाँच गर्दा घर्ती मगरले बोकेको कालो रंगको झोलाभित्र लुकाइ राखेको अवस्थामा १५ किलो ३ सय ४० ग्राम लागूऔषध अफिमजस्तो देखिने पदार्थ बरामद भएको प्रहरीले जनाएको छ ।

दुवै जनाको साथबाट ३ थान मोबाइल र नगद ३४ हजार रुपैयाँ समेत बरामद भएको जनाइएको छ ।

लागूऔषध अफिमसहित पक्राउ परेका दुवै महिलालाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि इलाका प्रहरी कार्यालय मोतिपुर, बाँसगढीमा बुझाइएको लागूऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय नेपालगञ्जले जनाएको छ ।

## निःशुल्क स्वास्थ्य शिविरबाट तीन सय ३३ जनाले लिए सेवा

**युग संवाददाता**
**सुर्खेत, ७ असार ।**




सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-११, स्थित झुप्रा खोलाको बादी बस्ती र सुब्बाकुनामा निशुल्क स्वास्थ्य सिविरको आयोजना गरिएको छ । शनिबार र आइतबार दुई दिन चलेको शिविरमा तीन सय ३३ जनाले सेवा लिएका छन् ।

शनिबार झुप्रा खोला र आइतबार सुब्बाकुनामा बसोबास गर्ने वादी समुदायलाई लक्षित गरी होसन्ना सेवाकाई नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा स्वास्थ्य सिविर आयोजना गरिएको हो । होसन्ना सेवाकाई नेपालका कार्यकारी अधिकृत पुजा वादीले झुप्रामा एक सय ८० र सुब्बाकुनामा एक सय ५३ जनाको निशुल्क स्वास्थ्य परीक्षण गरिएको बताइन ।

उनीहरुको हाडजोर्नी रोग विशेषज्ञ डाक्टर गणेश तिवारी र स्त्रीरोग विशेषज्ञ भवानी शिल्पकारले जाँच गरेका थिए । शिविरमा हाडजोर्नी, छाला, पाठेघरको समस्या, किशोरीमा सानै उमेरमा बच्च जन्माउदा पाठेघरमा पानी जम्ने लगायतका समस्या बढी देखिएको डाक्टर तिवारीले जानकारी दिए ।

परीक्षण गरिएका बिरामीलाई निशुल्क औषधीसमेत वितरण गरिएको थियो । यस्तै, शिविरका क्रममा पाठेघरलगायतका जटिल समस्या भएका तथा शल्यक्रिया आवश्यक पर्ने बिरामीहरूको समेत पहिचान गरिएको छ । यस्ता बिरामीलाई उपयुक्त अस्पतालमा रेफर गरी आवश्यक शल्यक्रिया तथा थप उपचारका लागि सहयोग गरिने आयोजक संस्थाले जनाएको छ ।

**आत्महत्या समस्याको समाधान होइन ।**

**आत्महत्यका प्रमुख कारण**
- मानसिक तनाव, डिप्रेशन वा निराशा,
- पारिवारिक झगडा वा सम्बन्ध विच्छेद र प्रेममा असफलता,
- बेरोजगारी, आर्थिक संकट र लाग्नु,
- हिनताबोध, आवेश र घुर्की देखाउनु,
- व्यक्तिगत र पारिवारिक इच्छा, आकांक्षा पूर्ती हुन नसक्नु,
- सोचे अनुसार सफलता प्राप्त नहुनु,
- सामाजिक बहिष्कार वा दुव्यवहार आदि ।

**रोकथामका उपायः**
- आफन्त, साथी वा विश्वासिलो व्यक्तिसँग समस्या साटासाट गरौं,
- तनाब वा समस्या परेमा मनोचिकित्सक वा परामर्शकर्ताको सहयोग लिऔं,
- आत्महत्याको सोच आएमा तत्काल परिवारका सदस्यलाई बताऔं वा सहायता केन्द्रमा सम्पर्क गरौं,
- तनाव र निराशामा रहेका व्यक्तिको समस्या सुनौ र सहयोग गरौं ।

**एक अर्काको सहारा बनौं, आत्महत्या होइन समाधान खोजौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा

Bhawani Auto Workshop, Birendranagar-Surkhet

☎ ९८५८०५५६२९
९८५१३२९१६९
९८४९३२१४४२

भवानी अटो वर्कसप
वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत

TOYOTA BYD Mahindra FORCE ISUZU FOTON TATA

Servicing | Repair | Denting | Panting | Washing

हाम्रा सेवाहरु
- ✔ गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
- ✔ चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
- ✔ बाटोमा, घरमा गाडी बिग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
- ✔ डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
- ✔ गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
- ✔ सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।

## सम्पादकीय....

# अर्थतन्त्र सुधारमा ध्यान देऊ

नेपाल राष्ट्र बैंक कर्णाली प्रादेशिक कार्यालयले सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८२/०८३ को अर्धवार्षिक प्रतिवेदनले कर्णाली प्रदेशको आर्थिक चित्रलाई पुनः एकपटक विमर्शको केन्द्रमा ल्याइदिएको छ । प्रतिवेदन अनुसार राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा कर्णालीको योगदान मात्र ४.२० प्रतिशत रहने प्रारम्भिक अनुमान छ, जुन गत आर्थिक वर्षको ४.२५ प्रतिशतको तुलनामा ०.०५ प्रतिशत विन्दुले कम हो । संघीयता कार्यान्वयनको लामो समय बितिसक्दा पनि मुलुकको कुल अर्थतन्त्रमा बागमती प्रदेशको हिस्सा ३६.७१ प्रतिशत रहँदा कर्णाली सबैभन्दा पुछारमा पर्नुले प्रादेशिक सन्तुलन र समन्यायिक विकासको राष्ट्रिय लक्ष्यमाथि गम्भीर प्रश्न खडा गरेको छ । दुई खर्ब ७७ अर्बको कुल गार्हस्थ्य उत्पादन र २.१४ प्रतिशतको सुस्त आर्थिक वृद्धिदरले कर्णाली अझै पनि आर्थिक मूलधारमा आउन संघर्ष गरिरहेको स्पष्ट पार्छ । तथ्याङ्कलाई केलाउँदा कर्णालीको अर्थतन्त्रमा कृषिले ३१.५२ प्रतिशत, उद्योगले १०.०७ प्रतिशत र सेवा क्षेत्रले ५८.४१ प्रतिशत योगदान दिएका छन् । तर, राष्ट्रिय आयमा क्षेत्रगत योगदान हेर्ने हो भने कृषिमा ५.५१ प्रतिशत, उद्योगमा ३.०२ प्रतिशत र सेवा क्षेत्रमा मात्र ३.७६ प्रतिशत हिस्सा कर्णालीको छ । यो सबैभन्दा कमजोर अवस्था हो । भौगोलिक विकटता, पूर्वाधारको अभाव र सीमित स्रोत साधनका कारण सुरक्षित एवं गुणस्तरीय सडक सञ्जाल नहुनु नै कर्णालीको आर्थिक विस्तारको मुख्य बाधक बनिरहेको छ ।

हवाई यातायात अझै सुलभ हुन सकेको छैन भने निजी क्षेत्रलाई आकर्षित गरी विमानस्थलहरूलाई आर्थिक रूपमा दिगो बनाउनु अर्को चुनौतीपूर्ण कार्य हो । परम्परागत र निर्वाहमुखी कृषि प्रणालीलाई आधुनिक र व्यावसायिक बनाउन नसक्नु तथा स्थानीय बहुमूल्य जडीबुटीको प्रशोधन नहुँदा गरिबी निवारण र दीर्घकालीन रोजगारी सिर्जनामा ठेस पुगेको छ । चुनौतीका पहाडहरूका बीच कर्णालीसँग आर्थिक कायापलट गर्ने असीमित सम्भावनाहरू पनि छन् । प्रतिवेदनले औँल्याए जस्तै सुर्खेत-जाजरकोट-डोल्पा जोड्ने भेरी कोरिडोर, हुम्लाको हिल्सा जोड्ने कर्णाली कोरिडोर र कर्णाली राजमार्गको रणनीतिक स्तरोन्नति गर्न सके यस क्षेत्रलाई आन्तरिक तथा बाह्य पर्यटनको हब बनाउन सकिन्छ । सडक पूर्वाधारको सुदृढीकरणले रारा, शे-फोक्सुण्डो, कुपिण्डे दह, सिंजा उपत्यका र मानसरोवर दर्शनका लागि आउने लाखौं पर्यटकलाई आकर्षित गर्न सक्छख । यसका साथै, रैथाने उत्पादनहरू जस्तै मार्सी धान, चिनो, फापर, कोदो र ओखर आदिको ब्रान्डिङ तथा दैलेखको पेट्रोलियम पदार्थको व्यवस्थित उत्खननले मुलुककै आयात प्रतिस्थापनमा ठूलो टेवा पुऱ्याउन सक्छ ।

अब केवल चुनौतीको रोइलो गरेर बस्ने समय छैन । कर्णालीको दिगो आर्थिक विकासका लागि तीनै तहका सरकारले पूर्वाधार निर्माणमा रणनीतिक लगानी बढाउनु अपरिहार्य छ । राज्यले ठोस नीति ल्याएर निजी क्षेत्रलाई पर्यटन र जडीबुटी प्रशोधन उद्योगमा लगानी गर्न प्रोत्साहन गर्नुपर्छ । जबसम्म कर्णालीको रैथाने स्रोत र पर्यटनलाई राष्ट्रिय अर्थतन्त्रसँग सडक सञ्जालमार्फत जोडिँदैन, तबसम्म मुलुकको समग्र समृद्धिको सपना अधुरै रहनेछ । कर्णालीलाई अनुदानमा बाँच्ने प्रदेश होइन, राष्ट्रिय आयमा बलियो योगदान दिने आत्मनिर्भर प्रदेश बनाउन अब ढिलाइ गर्नु हुँदैन । कर्णाली आफैमा बैभवशाली भूमि हो । कर्णाली प्रदेश भौगोलिक रूपमा विकट र आर्थिक सूचकाङ्कमा पछि परेको देखिए पनि प्राकृतिक स्रोत (जलविद्युत, जडीबुटी, बहुमूल्य रैथाने बाली), पर्यटन (रारा, शे-फोक्सुण्डो, मानसरोवरको प्रवेशद्वार) र दैलेखको पेट्रोलियम पदार्थ जस्ता प्रचुर सम्भावनाका कारण यो वास्तवमै एक वैभवशाली भूमि हो । उपयुक्त नीति, पूर्वाधार र लगानी पाउने हो भने यसले आफ्नो यो वास्तविक वैभव वा समृद्धि हासिल गर्न सक्छ । यसका लागि राजनीतिक नेतृत्वमा दृढ इच्छाशक्ति र स्पष्ट योजना हुन आवश्यक छ ।

## विश्व

# जेनेभामा अमेरिका-इरान वार्ता सुरु हुँदै, हर्मुजमा पुनः तनाव

**जेनेभा, ७ असार ।**
मध्यपूर्व युद्धसँग सम्बन्धित विषयमा अमेरिका र इरानबीच नयाँ चरणको वार्ता आज स्विट्जरल्याण्डको जेनेभामा सुरु हुने भएको छ । वार्तामा सहभागी हुन इरानी प्रतिनिधिमण्डल शनिबार राति जेनेभा पुगेको छ भने अमेरिकी उपराष्ट्रपति जेडी भान्स पनि वार्ताका लागि युरोप प्रस्थान गरेका छन् । यसैबीच, इरानले लेबनानमा इजरायली आक्रमण जारी रहेको भन्दै 'स्ट्रेट अफ हर्मुज' पुनः बन्द गर्ने घोषणा गरेको छ ।

युरोप प्रस्थानअघि सञ्चारकर्मीसँग कुरा गर्दै उपराष्ट्रपति भान्सले इरानको आणविक कार्यक्रम तथा लेबनान युद्धबिरामसम्बन्धी विषयमा प्रगति हुने अपेक्षा व्यक्त गरे ।

गत शुक्रबार हुने तय भएको अनुवर्ती वार्ता इजरायलले लेबनानमा घातक आक्रमण गरेपछि अन्तिम समयमा स्थगित गरिएको थियो । इजरायली सैनिकका चार सदस्यको मृत्यु भएपछि ती आक्रमण गरिएको जनाइएको छ ।

अमेरिकाले शुक्रबार लेबनानमा युद्धबिराम पुनः लागू भएको घोषणा गरे पनि शनिबार इजरायली सेना र हिज्बुल्लाहबीच पुनः झडप भएको थियो । दुवै पक्षले एकअर्कामाथि युद्धबिराम उल्लङ्घन गरेको आरोप लगाएका छन् । इरानको केन्द्रीय सैन्य कमाण्डले अमेरिकाले प्रारम्भिक सम्झौताको पालना नगरेको तथा दक्षिणी लेबनानमा इजरायलले निरन्तर युद्धबिराम उल्लङ्घन गरेको आरोप लगाउँदै 'स्ट्रेट अफ हर्मुज'मा जहाज आवागमनका लागि पुनःबन्द गरिने घोषणा गरेको छ ।

विश्व तेल तथा ग्यास आपूर्तिको प्रमुख मार्ग मानिने 'स्ट्रेट अफ हर्मुज' युद्धको अधिकांश अवधिमा इरानले अवरुद्ध गरेको थियो । यसअघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र इरानी राष्ट्रपति मसूद पेजेशकियानबीच भएको प्रारम्भिक सहमतिअनुसार 'स्ट्रेट अफ हर्मुज' खुला गरिएको थियो ।

इरानको घोषणापछि अमेरिकी केन्द्रीय कमाण्डले अन्तरराष्ट्रिय जलमार्गमा सुरक्षित आवागमन कायम रहेको र अमेरिकी सेना सतर्क अवस्थामा रहेको जनाएको छ ।

यसैबीच राष्ट्रपति ट्रम्पले वार्ताबाट अन्तिम सहमति ननिस्किए अमेरिकाले हर्मुजमार्फत हुने आवागमनमा आफ्नै शुल्क प्रणाली लागू गर्न सक्ने चेतावनी दिएका छन् ।

इरानी प्रतिनिधिमण्डलमा संसद्का सभामुख मोहम्मद बाघेर गालिबाफ र विदेशमन्त्री अब्बास अराघची सहभागी रहेका छन् । इरानका विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बकाएइले प्रारम्भिक सम्झौताअनुसार अर्को पक्षले आफ्नो प्रतिबद्धता कार्यान्वयन गर्नुपर्ने माग वार्तामा उठाइने बताए ।

# रास्वपा महाधिवेशनको उद्घाटन सत्रबाट रवि र बालेनले दिएका सन्देश



✍ सुदर्शन आचार्य



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आइतबार चितवनमा प्रथम राष्ट्रिय महाधिवेशनको उद्घाटनसत्र मार्फत नेपाली नागरिक, आफ्ना कार्यकर्ता र अन्य दलहरूलाई केही सन्देश प्रस्ट रूपमा दिएको छ ।

पार्टीभित्र कुनै रूपमा विभाजनको बिजारोपण भइरहेको छ कि ? रवि र बालेनबिच सत्ता स्वार्थ बढेर पार्टी विभाजन हुने हो कि ? राज्यसत्तामा अनुभव नभएको र पार्टीको संगठनसमेत जरा तहमा मजबुत नभएका कारण झन्डै दुई तिहाइ बहुमतको भार रास्वपाले थेग्न नसक्ने पो हो कि भन्नेजस्ता आशङ्का पछिल्लो दिनमा उजागर भइरहेको थियो ।

गत फागुनमा सम्पन्न प्रतिनिधि सभा निर्वाचनमा झन्डै दुई तिहाइ बहुमत पाएर सङ्घीय सरकारको नेतृत्व गरिरहेका कारण पनि रास्वपालाई यतिबेला देश-विदेशबाट निकै चासोका साथ हेरिएको छ ।

प्रतिनिधि सभा निर्वाचनमा रास्वपाले हासिल गरेको सफलता लोभलाग्दो नै थियो । दशकौं लामो इतिहास बोकेका दलहरूलाई पाखा लगाउँदै रास्वपाले स्थापनाको चार वर्ष नपुग्दै झन्डै दुई तिहाइ बहुमतसहित एकल सरकार गठन गर्नु सामान्य उपलब्धि होइन ।

एकथरिले प्रतिनिधि सभा निर्वाचनको परिणाम घोषणा भएदेखि नै रास्वपाले कसरी यतिका सिट जित्न सफल भयो भन्नेबारे लख काट्ने, आफ्नो विवेक अनुसारका व्याख्या-विवेचना गरेर आफूलाई विश्लेषकको परिचय दिलाउने प्रयास गरिरहेका छन् ।

यसक्रममा कहिलेकाहीँ सरकार र रास्वपाप्रति आरोपको प्रहार नभएका पनि होइनन् ।

हुन पनि प्रतिनिधि सभा चुनाव अघि रास्वपाले झन्डै दुई तिहाइ बहुमत पाउँछ भन्दा धेरैका लागि त्यो हाँसो-खिल्लीको विषय बन्थ्यो । कतिपयले रास्वपा मुस्किलले ४०-५० सिटसहित सरकार गठनका लागि एउटा निर्णायक राजनीतिक शक्ति बन्न सक्ने आकलन गरेका थिए । नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी, विभिन्न मधेसवादी दल हुँदाहुँदै रास्वपाले झन्डै दुई तिहाइ मत पाएर एकल बहुमतको सरकार बनाउँछ भन्नेबारे धेरैले कल्पनासमेत गर्न सकेका थिएनन् ।

आखिर पुराना र तत्कालीन अवस्थामा ठुला रहेका दलका नेता, उनीहरू निकटका विश्लेषकलाई चकित पार्दै जनताले रास्वपालाई प्रमुख राजनीतिक शक्तिका रूपमा स्थापित गरे । पूर्वघोषणा अनुसार नै रास्वपाले वरिष्ठ नेता वालेन्द्र (बालेन) शाहको नेतृत्वमा सरकार गठन गऱ्यो ।

यसबिचमा सरकारले गरेका काम-कारबाहीलाई लिएर विरोधका आवाज पनि सुनिए । कहिले प्रधानमन्त्री बालेन नबोलेको विषयमा विवाद भयो, कहिले उनी बोलेको विषयमा विवाद भयो । कहिले उनी संसद् बैठकमा नआएको विषयमा विवाद निकालियो भने कहिले उनी बैठक छाडेर हिँडेको विषयमा विवाद भयो ।

यिनै परिस्थितिका बिच रास्वपा प्रथम महाधिवेशनमा होमिएको छ। महाधिवेशनको तयारी हुँदैगर्दा पनि यो पार्टीको आन्तरिक लोकतान्त्रिक अभ्यासप्रति धेरैको चासो रह्यो । जिल्ला अधिवेशन, प्रदेश अधिवेशनमा सभापति रवि लामिछाने पक्ष हावी भयो कि बालेन पक्ष भन्नेबारे समेत चासो रहेको पाइयो ।

जङ्गलमा अनेक रुख हुन्छन्, तर जुन रुख विशाल छ, मानिसको आँखा ती असङ्ख्य अन्य रुखलाई छाडेर त्यही विशाल रुखतिर गड्छन् । त्यसैले छोटो समयमा चमत्कारकै रूपमा सफलता पाएर देशकै ठुलो दल बनेको रास्वपामा सबैको आँखा पर्नु, धेरैले चासो राख्नु स्वाभाविक हो ।

रास्वपाले हासिल गर्ने सिटका बारेमा जसरी निर्वाचन अघि चर्चा हुन्थ्यो, उसको प्रथम महाधिवेशनको पूर्वसन्ध्यामा यसको नेतृत्व, विचार, सिद्धान्तबारे टिप्पणी हुनु, चासो बढ्नु अस्वाभाविक थिएन । किनकि अहिले त रास्वपा देशकै ठुलो पार्टीमात्र होइन, उसकै नेतृत्वमा एकल सरकार छ । यस पार्टीका दुई प्रमुख नेता अर्थात् सभापति रवि लामिछाने पार्टी सत्ताको नेतृत्व गर्दै, वरिष्ठ नेता बालेन शाह राज्य सत्ताको नेतृत्व गर्दै महाधिवेशनमा पुगेका छन् ।

स्वाभाविक रूपमा महाधिवेशनले नयाँ नेतृत्व चयनका साथै पार्टीको विचार, सिद्धान्तमाथि छलफल गरेर पार्टीलाई मार्गनिर्देश गर्नेछ । महाधिवेशनमा कतै रवि लामिछाने र बालेन शाहको गुटबिच प्रतिस्पर्धा हुने हो कि, पार्टीमा को बलियो हुने भन्नेमा होडबाजी चल्ने हो कि भन्ने आशङ्का नउब्जिएको पनि हैन ।

किनकि, पुराना भनिएका राजनीतिक दलका महाधिवेशनमा गुट-गुटबिच प्रतिस्पर्धा हेरेर हुर्किएको पुस्ताले महाधिवेशनप्रति त्योभन्दा बढी अपेक्षा नगर्नु अनौठो होइन । यद्यपि, पुराना दलहरूको बेथिति, राज्य सत्ता सञ्चालनका क्रममा उनीहरूले गरेका भ्रष्टाचार, अनियमितताविरुद्ध आवाज उठाउँदै आएको रास्वपाले महाधिवेशनका क्रममा हुने गुटगत प्रतिस्पर्धालाई खारेज गरिदिएको छ ।

रास्वपाका सभापति रवि लामिछाने र प्रधानमन्त्रीसमेत रहेका वरिष्ठ नेता बालेन शाहले गुटगत प्रतिस्पर्धालाई निरुत्साहितमात्र गरेनन्, महाधिवेशन उद्घाटनसत्रलाई सम्बोधनका क्रममा त्यस्ता गतिविधिविरुद्ध नेता-कार्यकर्तालाई खबरदारीसमेत गरे ।

दुवै नेताले पार्टी सत्ता र राज्य सत्ताबारे उठेका आशङ्का पनि मेटाइदिएका छन् । प्रधानमन्त्री तथा पार्टीका वरिष्ठ नेता बालेन शाहले महाधिवेशनको अवधिभर पार्टीका बारेमा सोच्न र त्यसपछि देशका बारेमा सोच्न नेता-कार्यकर्तालाई आह्वान गर्दै सन्देश दिएका छन्– हमेसा आफूलाई केन्द्रमा राखेर राजनीति गर्ने होइन, निश्चित समय पार्टीका लागि सोचेर अधिकांश समय देशका लागि सोचौँ ।त्यस्तै सभापति रवि लामिछानेले पार्टीभित्र लडाउने, ढलाउने, फाटो ल्याउने प्रयास निकै हुनेछ भन्दै त्यस्ता गतिविधिप्रति आफू सचेत रहेको सन्देश दिए । उनले भने, 'हामीले नेपाली जनता र इतिहासलाई साक्षी राखेर गरेको सहमतिको एक-एक अक्षर इमानदारीपूर्वक पालना गर्ने प्रण गर्न चाहन्छु ।'

उनको आशय बालेन शाह प्रधानमन्त्रीका रूपमा रहिरहने र आफू पार्टी सत्ताको नेतृत्व गर्ने सन्दर्भमा केन्द्रित थियो ।

केही साताअघि रविले भारत भ्रमणका क्रममा पाएको स्वागत-सत्कार, प्रधानमन्त्री बालेन शाहको कार्यशैली लगायतलाई केन्द्रमा राखेर कतिपयले कतै रवि नै अब प्रधानमन्त्री त हुने होइनन् भन्ने आशङ्का पनि नगरेका होइनन् । यद्यपि रविले महाधिवेशन उद्घाटन सत्रमै त्यस्ता आशङ्कालाई आफ्ना अभिव्यक्तिमार्फत मेटाइदिएका छन् ।

रास्वपाले चुनाव अगाडि नै पार्टीका वरिष्ठ नेता बालेन शाहको खुट्टामा बल पुऱ्याइसकेको चर्चा गर्दै उनले 'अब भटाभट गोल हान्ने जिम्मा प्रधानमन्त्री बालेन शाहको हुनेछ' भने । यतिमात्र होइन, झुक्किएर त्यो बल कहीँ आफूतिर आएछ भने पनि त्यही खुट्टा (बालेनको खुट्टा)मा पास गर्ने जिम्मा आफ्नो भन्दै उनले बालेनलाई ढाडससमेत दिए । 'किनकि यहाँ मुख मिठ्याउनेहरू धेरै छन्,' रविले भने, 'म तिनलाई जबाफ दिन बोलिरहेको छैन, म त इतिहासलाई जबाफ दिन बोलिरहेको छु ।'

२०४६ सालको जनआन्दोलन सफल भएपछि अन्तरिम सरकारको नेतृत्व गर्न आफूलाई आएको प्रस्ताव सर्वोच्च नेता गणेशमान सिंहले अस्वीकार गर्दै कृष्णप्रसाद भट्टराईलाई अघि बढाएका थिए । सोही शैलीमा यतिबेला रविले बालेनलाई निर्धक्कसँग काम गर्ने वातावरणको सुनिश्चितता बनाइदिएका मात्र होइनन्, चुनाव अघि नै आफूले 'भावी प्रधानमन्त्री' भनेर जनाएको प्रतिबद्धताप्रति इमानदार रहने प्रण पनि दोहोऱ्याएका छन् ।

बालेनले पनि रास्वपा हरेक निर्वाचनमा एउटै एजेन्डा लिएर नजाने प्रस्ट पार्दै सुशासनको अभिभारा यही कार्यकालमा पूरा गरेर अर्को निर्वाचनमा अन्य एजेन्डा बोकेर जनतामा जाने प्रतिबद्धता जनाए ।

केही दिनमै रास्वपा नयाँ नेतृत्व चयन गरी चितवनबाट फर्कने छ । महाधिवेशनकै उदघाटनसत्रमा पार्टीका शीर्ष दुई नेताले दिएका अभिव्यक्तिको आधारमा रवि नै नेतृत्वमा दोहोरिने निश्चितजस्तै रहेको भन्न सकिन्छ । अन्य पदाधिकारीमा पनि खासै परिवर्तन नहोला । किनकि, यो त्यही टिम हो, जसले गत फागुनको निर्वाचनमा पार्टीलाई ऐतिहासिक उपलब्धि हासिल गरायो ।

नेपालको राजनीतिक इतिहासमा दुई तिहाइ वा झन्डै दुई तिहाइ मत पाएर सरकार गठन गरेका उदाहरण नभएका होइनन् । यद्यपि कुनै पनि सरकार पूरा अवधि टिक्न नसकेर राजनीतिक अस्थिरताको लामो चक्र निर्माण भएको इतिहासलाई मेट्दै रास्वपा र उसको नेतृत्वमा रहेको सरकारले पाँच वर्षसम्म देशलाई स्थिर सरकार दिन सकोस् । रास्वपा र उसको नेतृत्वको सरकार लोकतान्त्रिक मूल्य-मान्यता, राष्ट्रियता, राष्ट्रिय स्वाधीनता, विकासप्रतिको जनआकाङ्क्षामा खरो उत्रिन सकोस् । तबमात्र जनताले गरेको अपार विश्वासले सार्थकता पाउने छ । *(रातोपाटी)*

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |

## आजको राशिफल

| | |
|---|---|
| मेष | रोकिएका काम बन्नाले उत्साह जाग्नेछ । आफ्नै प्रयासले अधिकार स्थापित गर्न सकिनेछ । आर्थिक लाभ हुने काम पनि सम्पादन हुनेछ । |
| वृष | अवसर आए पनि फाइदा उठाउन केही चुनौतीहरूसँग जुध्नुपर्नेछ । प्रतीक्षा गरिएको नतिजा कमजोर देखिनेछ । सहयोगीहरूले साथ दिनेछन् । |
| मिथुन | दिनभरि विभिन्न कामका अवसर प्राप्त हुनेछन् भने पेसा-व्यवसायमा पनि फाइदै हुनेछ । काममा श्रम परे पनि राम्रो प्रतिफल प्राप्त हुनेछ । |
| कर्कट | विभिन्न उपहार प्राप्त हुने समय छ । सहयोगीहरूले राम्रो साथ दिनेछन् । रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने समय छ । |
| सिंह | पहिलेको सफलताले हिम्मत दिलाउनेछ । प्रयत्न गर्दा राम्रै काममा जग बसाउने मौका छ । दिगो फाइदा हुने काम प्रारम्भ होला । |
| कन्या | खर्च गरीकन सोचेको प्रगति नहुन सक्छ । फाइदाको अवसर आए पनि पछिका लागि केही वस्तु त्याग्नुपर्ने हुन सक्छ । |
| तुला | विशेष काम बन्नुका साथै रकम हातलागी हुनाले उत्साह जाग्नेछ । मिहिनेतले आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । |
| वृश्चिक | नयाँ काम थाल्न समय प्रतीक्षा गर्नुहोला । केही विवादास्पद जिम्मेवारी समेत वहन गर्नुपर्ला । काममा श्रम परे पनि प्रतिफलमाथि अरूले राज गर्नेछन् । |
| धनु | अरूलाई प्रभावित पारेर नाम र दाम कमाउने बेला छ । विशिष्ट व्यक्तिको सहयोग जुट्नेछ । सामाजिक क्षेत्रमा नेतृत्व हातलागी हुने सम्भावना छ । |
| मकर | दिनभरि सानोतिनो समस्याले अल्झाउनेछ भने स्वास्थ्य पनि प्रतिकूल रहनेछ । कमजोरीका बाबजुद अरूका लागि समय खर्चनुपर्ला । |
| कुम्भ | प्रियजनसँग भेटघाट हुनाले दिन रमाइलो रहनेछ । रमाइलो स्थान भ्रमण गर्ने अवसर पनि प्राप्त हुनेछ । परिस्थिति कमजोर देखिए । |
| मीन | आत्मबलका साथ रोग र शत्रुमाथि विजय प्राप्त हुनेछ । काममा केही प्रतिस्पर्धा गर्नुपरे पनि स्रोतसाधन जुट्नाले दिगो फाइदा उठाउन सकिनेछ । |

# ‘सत्ताको उन्माद र आन्तरिक अहंकारबाट मुक्त हुनुहोस्’

**युग संवाददाता**
**काठमाडौं, ७ असार ।**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को प्रथम राष्ट्रिय महाधिवेशनमा शुभकामना दिने अधिकांश नेताहरुले पार्टीले प्राप्त गरेको जनमत जोगाउन, आन्तरिक लोकतन्त्र सुदृढ गर्न र सुशासनको अभियानलाई प्रभावकारी रूपमा अघि बढाउन सुझाव दिनुभएको छ ।

नेपाली कांग्रेस सभापति गगनकुमार थापाले राजनीतिक दलहरू जनमतको कदर गर्दै सत्ताको उन्माद र आन्तरिक अहंकारबाट मुक्त रहनुपर्ने बताए । “इतिहासमा राजनीतिक दलहरूले पाएको जनमत नेताहरूको अहंकार, आपसी टकराव र सत्ताको उन्मादका कारण पटकपटक दुर्घटनामा परेको छ । रास्वपाले यी दुवै अवस्थाको सामना गर्न नपरोस् र प्राप्त जनसमर्थनलाई सही ढङ्गले स्थिरताका निम्ति अगाडि बढाओस्,” उनले भने ।

नेपाली कांग्रेस र रास्वपाबीचको सम्बन्धलाई प्रष्ट पार्दै सभापति थापाले संसद्मा आफ्नो दल सशक्त प्रतिपक्षको भूमिकामा रहने उल्लेख गरे । उनले भने, “नेपाली कांग्रेस रास्वपाको प्रतिस्पर्धी हो, दुश्मन होइन । हामी संसद्मा प्रतिपक्षमा छौँ । जहाँ औँला ठड्याउनुपर्ने हो, त्यहाँ औँला ठड्याउँछौँ, जहाँ ताली बजाउनुपर्ने हो त्यहाँ ताली बजाउँछौँ ।”

पछिल्लो समय राजनीतिमा विगतलाई पूर्ण रूपमा नकार्ने प्रवृत्ति बढेकोप्रति चिन्ता व्यक्त गर्दै उहाँले प्रजातन्त्रका लागि भएको ऐतिहासिक सङ्घर्षलाई भुल्न नहुनेमा जोड दिए । उनले भने, “चितवनमा निलो झण्डा फहराउँदै गर्दा विगत ३५ वर्षमा केही पनि भएन भनेर इतिहासलाई इन्कार नगर्नुहोला, तपाईंहरू जुन ठाउँमा उभिनुभएको छ, त्यहाँ मुनि प्रजातन्त्रका लागि लड्ने सहिदहरूको रगत र बलिदान जोडिएको छ । त्यो इतिहासलाई कसैले पनि बिर्सन मिल्दैन ।”

सभापति थापाले गरिबी, अज्ञानता, विभेद र अक्षमता नै देशको मुख्य दुश्मन भएको औँल्याउँदै यी साझा चुनौतीविरुद्ध र संविधान एवं व्यवस्थाको रक्षाका लागि रास्वपासँग सहकार्य हुने स्पष्ट पारे । उनले रास्वपाको स्थापनाको छोटो समयमै प्राप्त जनसमर्थनको प्रशंसा गर्दै महाधिवेशनको पूर्ण सफलताको कामनासमेत गरे ।

पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराईले रास्वपाले छोटो समयमै हासिल गरेको राजनीतिक सफलता नेपाली इतिहासकै एउटा नयाँ क्रान्तिको कडी भएको बताए । उनले आफूले विगत १०-११ वर्षदेखि सुरु गरेको वैकल्पिक राजनीतिको अभियानको सबैभन्दा महत्त्वपूर्ण उपलब्धिका रूपमा रास्वपालाई लिएको स्पष्ट पारे । उनले आफूलाई सधैँ परिवर्तन र न्यायका पक्षमा उभिने एक निरन्तर विद्रोहीको रूपमा प्रस्तुत गर्दै आफ्नो सारा जीवन यसैमा सुम्पिएको उल्लेख गरे ।



रास्वपाको उदयलाई लिएर पुराना राजनीतिक दलहरूले वैदेशिक शक्तिको हात रहेको भनी लगाउने गरेको ‘षड्यन्त्र सिद्धान्त’ को खण्डन गर्दै उनले भने, “मेरा पुस्ताका साथीहरूलाई ठूलो भ्रम छ । उहाँहरू खाली यो दक्षिणले गरायो, उत्तरले गरायो, पश्चिमले गरायो भनेर कथा बुनेर बस्नुभएको छ । तर मेरो स्पष्ट धारणा के छ भने, समाज बदल्न हिँडेका युवा सधैँ सत्य र न्यायका पक्षमा उभिनुपर्छ र तपाईंहरू उभिनुभएको छ ।” रास्वपाले आन्दोलन र सङ्घर्षबाट मात्र नभई आधुनिक विज्ञान र प्रविधिको प्रयोग गरी जनताको मन जितेर यो ऐतिहासिक सफलता हासिल गरेको उनको भनाइ थियो ।

आफ्नो आलोचना गर्नेहरूलाई जवाफ दिँदै डा.भट्टराईले भने, “कतिपयले मलाई सोध्छनु के ललिपप पाएर यो उमेरमा रास्वपाको महाधिवेशनमा गएको रु म सारा जीवन मर्न तयार भएको मान्छे, मलाई केको ललिपप रु तपाईंहरूकै सद्भावले म मुलुकको प्रधानमन्त्री भइसकेको मान्छे हुँ, मलाई कुनै ललिपप चाहिँदैन, म त नेपाली जनता र युवा पुस्ताले देशमा सुशासन र समृद्धि पाएको हेर्न चाहन्छु ।”

राजनीतिक क्रान्तिलाई एउटा ‘रिले दौड’का रूपमा व्याख्या गर्दै पूर्वप्रधानमन्त्री डा भट्टराईले पहिलो पुस्ताका टङ्कप्रसाद आचार्य, पुष्पलालहरूले सुरु गरेको क्रान्तिलाई आफ्नो पुस्ताले गणतन्त्र र संविधानसभासम्म पुऱ्याएको र अब देशलाई सुशासन र समृद्धिको शिखरमा पुऱ्याउने जिम्मेवारी रवि लामिछाने र वालेन्द्र शाहको नयाँ पुस्ताको काँधमा आएको बताए । उनले रास्वपाको नयाँ नेतृत्वले आगामी पूरा पाँच वर्षको कार्यकाल दृढताका साथ पूरा गर्नुपर्नेमा जोड दिए ।

नेकपा (एमाले) का नेता प्रदीप ज्ञवालीले राष्ट्रिय स्वतन्त्र पार्टीको काँधमा देश र लोकतन्त्रलाई सुदृढ बनाउने ऐतिहासिक जिम्मेवारी आएको बताउँदै यो महाधिवेशनले केबल नयाँ नेतृत्व मात्र चयन नगरी पार्टीको स्पष्ट राजनीतिक नीति, सिद्धान्त र मार्गचित्र तय गर्नुपर्नेमा जोड दिए । “रास्वपा राष्ट्रिय राजनीतिमा कुन स्थानमा उभिन्छ भन्ने कुराभन्दा पनि यसले संविधानवाद, विधिको शासन, मौलिक अधिकार, सामाजिक न्याय र उत्तरदायी राज्यको अवधारणालाई कसरी अगाडि बढाउँछ भन्ने कुरा महत्त्वपूर्ण रहन्छ”, उनले भने ।

छोटो समयमा रास्वपाले प्राप्त गरेको जनमतलाई विश्व इतिहासका विभिन्न सन्दर्भसँग जोड्दै नेता ज्ञवालीले जनादेश पाउनु जत्तिकै महत्वपूर्ण त्यसको सही सदुपयोग गर्नु रहेको बताए । इतिहासमा जनमतको सही सदुपयोग र दुरुपयोगका फरकफरक दृष्टान्त रहेको उल्लेख गर्दै उनले रास्वपाले इतिहासका गलत शिक्षाहरूबाट सिकेर जनताको अनुहारमा उज्यालो ल्याउने गरी अघि बढ्नुपर्ने सुझाव दिए ।

लोकतन्त्रमा ‘चेक एण्ड ब्यालेन्स’को ठूलो भूमिका हुने चर्चा गर्दै उनले न्यायालय, राष्ट्रपति र संसद्जस्ता राज्यका मुख्य संस्था सधैँ बलियो हुनुपर्ने तथा जनताका आलोचनात्मक स्वरहरूलाई सम्मान गरिनुपर्ने धारणा राखे । उनले रास्वपाभित्र काम गर्ने तीव्र हुटहुटीसँगै आवश्यक संयम र कानुनी सन्तुलन कायम रहन सकोस् भन्दै महाधिवेशनको पूर्ण सफलताको कामना गरे ।

नेपाली कम्युनिष्ट पार्टीका केन्द्रीय सचिवालय सदस्य वर्षमान पुनले थिति बसाल्न चालिने जुनसुकै कदम पनि विधिसम्मत र संविधानको दायराभित्र हुनुपर्ने बताए । उनले सुशासन र भ्रष्टाचार नियन्त्रणको अभियानमा आफ्नो पार्टी र रास्वपाबीच कार्यगत सहकार्य रहँदै आएको उल्लेख गरे । पुनले भने, “भ्रष्टाचार र विकृति अन्त्य तथा सुशासनको एजेन्डामा हामी सँगै थियौँ, छौँ र रहनेछौँ । यस सन्दर्भमा एउटा सुझाव र आग्रह छ, थिति बसाल्न चालिएका कदमहरू विधिसम्मत र संविधानभन्दा बाहिर नहोऊन् भन्नेमा तपाईंहरूको पर्याप्त ध्यान पुग्ने नै छ ।”

उनले पृष्ठभूमि र कार्यशैली फरक भए पनि क्रान्ति, परिवर्तन र समाज रूपान्तरणका मुद्दामा दुवै शक्तिबीच निकटता रहेको दाबी गरे । “हामी दुवै शक्तिले निरन्तरतालाई क्रमभङ्ग गरेर आफ्नो राजनीतिक बाटो तय गरेका हौँ,” उनले भने, “सुशासनको एजेन्डामा नेपाली कम्युनिष्ट पार्टी र रास्वपाको जतिको निकट सहकार्य सायद अरूका बीचमा भएको छैन ।”

सङ्घीय समावेशी लोकतान्त्रिक गणतन्त्र विभिन्न ऐतिहासिक आन्दोलन र सहिदहरूको बलिदानको जगमा स्थापना भएको स्मरण गर्दै उनले वर्तमान राजनीतिक प्रणालीप्रति रास्वपाबाट अझ उच्च तहको प्रतिबद्धताको अपेक्षा गरिएको बताए । पहिलो पटक देशव्यापी रूपमा पूर्ण सङ्गठनको आकारमा जान लागेको रास्वपाको यस महाधिवेशनले पार्टीमाथिका विविध प्रश्न, आरोप र आशङ्काहरूलाई मेट्दै वैचारिक तथा सङ्गठनात्मक स्पष्टता प्रदान गर्ने विश्वाससमेत नेता पुनले व्यक्त गरे ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देनले देशमा विद्यमान समस्या नेताहरूमा मात्र नभई वर्तमान संविधान र संवैधानिक व्यवस्थामा समेत रहेको दाबी गरे । समारोहलाई सम्बोधन गर्दै अध्यक्ष लिङ्देनले देशलाई सही निकास दिन राजनीतिक प्रणालीमै परिमार्जन आवश्यक रहेको औँल्याए ।

उनले भने, “इतिहासले तपाईंहरूलाई एउटा यस्तो विशिष्ट अवसर दिएको छ, जुन कुनै पार्टी वा व्यक्तिको जीवनमा बारम्बार आउँदैन । यदि यो अवसर चुक्यो भने, यसले तपाईंको पार्टीलाई मात्र होइन, सिङ्गो देशलाई नै ठूलो धोका हुनेछ ।”

जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले मुलुकको समृद्धि र परिवर्तनका लागि राजनीतिक दलहरू सङ्कुचित दायराभन्दा माथि उठ्नुपर्ने बताए । उनले महाधिवेशनहरू केबल नयाँ नेतृत्व चयन गर्ने थलो मात्र नभई राष्ट्रिय राजनीति र जनअपेक्षालाई मार्गनिर्देश गर्ने कडी भएको उल्लेख गरे ।

“सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै आर्थिक क्रान्ति र सामाजिक रूपान्तरणको दिशामा अघि बढ्नु आजको मुख्य आवश्यकता हो”, अध्यक्ष यादवले भने । उनले जनअपेक्षाअनुरूप काम गर्न राजनीतिक दलहरूबीच साझा मुद्दामा सहकार्य हुनुपर्नेमा जोड दिँदै रास्वपा महाधिवेशनले मुलुकको समसामयिक चुनौतीलाई सम्बोधन गर्ने गरी ठोस नीति र रणनीति तय गर्ने विश्वास व्यक्त गरे ।

जनमत पार्टीका अध्यक्ष डा.सीके राउतले रास्वपाको प्रथम ऐतिहासिक महाधिवेशन केवल एउटा राजनीतिक भेला मात्र नभएर ‘क्रान्तिको महोत्सव’ भएको बताए । उनले देशभरिका ७७ वटै जिल्लाबाट अनेकन् कष्ट, ऋण र भोक सहेर पनि हजारौँ युवा भरतपुर ओर्लनु पद वा प्रतिष्ठाका लागि नभई देश बदल्ने एउटा साझा जुनुन र आर्थिक समृद्धिको चाहनाका कारण भएको उल्लेख गरे ।

संसदीय राजनीतिबाट आफू सन्यास लिइसकेको मान्छे भए तापनि आयोजकले यस ऐतिहासिक समारोहमा सम्झिएकामा आभार प्रकट गर्दै उनले भने, “जुन सपना तपाईंहरूले देख्नुभएको छ, त्यही चाहना मैले पनि देखेको हुनाले म यहाँ कुनै प्रतिस्पर्धीका रूपमा होइन, तपाईंहरूको सहयात्री र सहयोगीका रूपमा शुभकामना दिन उपस्थित भएको हुँ ।” *(नागरिक)*

# गढवाका अधिकांश किशोरीमा रक्तअल्पताको समस्या

**राष्ट्रिय समाचार समिति**
**दाङ, ७ असार ।**

दाङको गढवा गाँउपालिकाका अधिकांश किशोरीमा रक्तअल्पताको समस्या देखिएको छ । गढवा गाउँपालिकाका विद्यालयमा अध्ययनरत किशोरीको स्वास्थ्य अवस्था सुधार गर्ने उद्देश्यले सुरु भएको रक्तअल्पता (एनेमिया) परीक्षण कार्यक्रमपश्चात् यस्तो तथ्याङ्क भेट्टीएको हो ।

गढवा गाउँपालिकाको समन्वय तथा लुम्बिनी प्रदेश सरकार, स्वास्थ्य निर्देशनालय, स्वास्थ्य मन्त्रालय र स्वास्थ्य कार्यालय दाङको संयुक्त आयोजनामा सञ्चालन गरिएको कार्यक्रमअन्तर्गत पहिलो चरणमा तीन विद्यालयका ७०० बढी किशोरीको परीक्षण सम्पन्न भएको छ । जनता माध्यमिक विद्यालय, शुभतारा इङ्लिस बोर्डिङ स्कुल र ज्ञानज्योति इङ्लिस बोर्डिङ स्कुल गरी तीन विद्यालयका ७४५ किशोरीको परीक्षण गर्दा ५३७ जनामा रक्तअल्पता देखिएको जनस्वास्थ्य कार्यालयका ल्याब टेक्नोलोजिस्ट उज्ज्वलकुमार पौडेलले जानकारी दिए ।

गढवा गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख कैलाशचन्द्र चौधरीले किशोरीको स्वास्थ्य सुधार गाउँपालिकाको प्राथमिकतामा रहेको बताउँदै रक्तअल्पता न्यूनीकरणका लागि विद्यालय, अभिभावक र स्वास्थ्य संस्थाबीच सहकार्य आवश्यक रहेको उल्लेख गरे ।

स्वास्थ्य शाखा प्रमुख चौधरीका अनुसार यही असार ८ गते गढवा गाउँपालिका-३ का थप तीन विद्यालयका किशोरीको रक्तअल्पता परीक्षण कार्यक्रम सञ्चालन गरिने भएको छ । किशोरीमा उच्च दरमा रक्तअल्पता देखिनुले पोषण तथा स्वास्थ्य क्षेत्रमा थप ध्यान दिनुपर्ने आवश्यकता देखिएको छ ।

# तेस्रो काँक्रेविहार हाफ म्याराथ आज

**युग संवाददाता**
**सुर्खेत, ७ असार ।**

तेस्रो एक्सट्रिम काँक्रेविहार राष्ट्रिय हाफ म्याराथन आज (सोमबार) आयोजना हुँदैछ । ‘दौडिन्छ कर्णाली’ नारासहित आयोजना हुने म्याराथनमा २१, १० र पाँच किलोमिटर दौड हुनेछ । बिहान ६ बजेदेखि वीरेन्द्रचौकबाट सुरु हुने २१ किमी हाफ म्याराथनका प्रथम धावकले एक लाख ५० हजार तथा दोस्रोले ७५ हजार राशीको पुरस्कार पाउनेछन् । महिला म्याराथन र छात्रछात्राको प्रतिष्पर्धामा पनि पुरस्कार राशी बढाइएको छ । प्रतियोगिताको मस्कट, टिर्सट सार्वजनिक गर्दै आयोजकले सो जानकारी दिएको हो ।

वीरेन्द्रचौकबाट मंगलगढी, एयरपोर्ट, धुलियाबिट र सुब्बाकुना हुँदै पुनः सुब्बाकुनाबाट मंगलगढी, बांगेसिमल हुँदै वीरेन्द्रचौक आउने दौड समापन हुनेछ । आयोजक मध्यपश्चिम फिटनेस सेन्टरका प्रबन्ध निर्देशक प्रमोद हमालले २१ किमी दौडमा पुरुष, महिलालाई १० किमी र स्कूले छात्रछात्राका लागि पाँच किमी निर्धारण गरिएको छ । कर्णाली प्रदेश खेलकुद विकास परिषद्को आर्थिक सहयोग तथा मिड वेस्टर्न फिटनेस सेन्टर, सुर्खेतको आयोजनामा प्रत्येक वर्ष ओलम्पिक डेका अवसरमा सञ्चालन हुँदै आएको प्रतियोगिताको यो तेस्रो संस्करण हो । यसपटक प्रतियोगिताको टाइटल स्पोन्सर एक्सट्रिम इनर्जी ड्रिंक रहेको छ ।

**श्री जनमुखी कृषि तथा पशुपालन सहकारी संस्था लि.**
**वीरेन्द्रनगर न.पा.-१०, दीपनगर, सुर्खेत**

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

**मितिः- २०८३/०३/०८**

यस जनमुखी कृषि तथा पशुपालन सहकारी संस्था लि. को कार्यक्रम विस्तार तथा सदस्य सेवालाई थप प्रभावकारी बनाउन देहाय बमोजिमका पदहरूमा प्रशिक्षार्थी (Trainee) कर्मचारी आवश्यक परेको हुँदा योग्य, ऊर्जाशील तथा मेहनती नेपाली नागरिकहरूवाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र दरखास्त आह्वान गरिन्छ ।

| क्र.स. | पद | आवश्यक संख्या | न्यूनतम शैक्षिक योग्यता/अन्य |
|---|---|---|---|
| १ | कर्जा प्रमुख | १ जना | १. शैक्षिक योग्यताः-कक्षा १२ वा सो सरह पास गरी सहकारी वा वित्तिय क्षेत्रमा ३ वर्ष काम गरेको वा स्नातकतह उतिर्ण ।<br>२. अन्य योग्यताः-<br>क. कम्पियूटर, सफ्टवयरको ज्ञान भएको ।<br>ख. सहकारी वा वित्तिय क्षेत्रमा काम गरेको ।<br>ग. दुई पाँग्रे सवारी साधन चलाउन सक्ने । |
| २ | फिल्ड सहायक | २ जना | १. शैक्षिक योग्यताः- एस.एल.सी/एस.ई. पास गरी सहकारी वा वित्तिय क्षेत्रमा काम गरेको अनुभवी वा कक्षा-१२ पास वा सो सरह पास गरेको ।<br>२. अन्य योग्यताः-<br>क. कम्पियूटरमा नेपाली अंग्रेजी टाईपिङ्ग गर्न सक्ने ।<br>ख. उद्यमशीलता सम्वन्धि ज्ञान भएको । |

**दरखास्तसँग संलग्न गर्नुपर्ने कागजातहरू**
- हस्तलिखित निवेदनः- (संस्थाले तोकेको ढाचामा)
- व्यक्तिगत विवरण (CV/Bio-Data)
- नागरिकताको प्रतिलिपि
- शैक्षिक योग्यताको प्रमाणपत्रहरूको प्रतिलिपि
- अनुभव प्रमाणपत्र (भएमा)
- सम्पर्क/डकुमेन्ट पठाउने ह्वाटसप नम्बर-९८६६८९५५५७ (घरमा वसेर निवेदन दिन सकिनेछ)

**तलव तथा अन्य सुविधाः**
१. तालिम खर्चः पद पुर्ति समितिले तोके अनुसार हुनेछ ।
२. तलव तथा सुविधाः-संस्थाको नियम अनुसार हुनेछ ।
३. निवेदन शुल्कः (प्रशिक्षार्थि कर्जा प्रमुख-१,०००।- र प्रशिक्षार्थि फिल्ड सहायक-५००।-)

## अभिभावकमा...

ठान्छन् ।

‘बच्चाले कम्तीमा ५ कक्षासम्म आफू जन्मेको गाउँमा पढ्न पाउनुपर्छ । तब पो उसले समाज, नातागोता र वातावरण बुझ्छ । पछि सहरमै पढे पनि समाजमा फर्कन खोज्छ,’ शाह भन्छन्, ‘अहिले तीनचार वर्षको बच्चालाई पनि पढाउन सहर ल्याउने चलन बढेको छ । त्यो मानिस ठूलो भएपछि घर फर्किनै चाहँदैन ।’

शाहका अनुसार अभिभावकमा ‘अंग्रेजी माध्यम नै गुणस्तरीय शिक्षा हो’ भन्ने बुझाइले पनि बालबालिकालाई सहर पठाउने प्रवृत्ति बढाएको छ । ‘पछिल्लो समय सरकारी विद्यालयमा पनि अंग्रेजी माध्यममा पठनपाठन सुरु गरिएको छ । अंग्रेजी नै गुणस्तरीय शिक्षा हो भन्ने कुरा धेरैजसो अभिभावक र सरोकारवालामा भ्रमका रूपमा फैलिएको छ,’ उनी भन्छन्, ‘अंग्रेजी एउटा भाषा हो ।

व्यवहारिक रूपमा चाहियो भने थोरै समय तालिम लिएर सिक्न सकिन्छ । यसलाई शिक्षाको गुणस्तरको भ्रमका रूपमा फैलाउनु हुँदैन ।’ नेपाल शिक्षक महासंघ कर्णाली प्रदेशका अध्यक्ष देवेन्द्र अधिकारी गाउँका प्रतिष्ठित व्यक्तिहरू छोराछोरी पढाउने बहानामा बसाइँ सर्दा त्यसको प्रभाव समग्र गाउँमा पर्ने बताउँछन् ।

उनका अनुसार शिक्षक, कर्मचारी, राजनीतिकर्मी र आयस्तर राम्रो भएका परिवारले छोराछोरी सहरमा पढाउन थालेपछि कमजोर आय भएका परिवार पनि त्यसैको प्रभावमा पर्छन् । ‘गाउँका शिक्षक, कर्मचारी, राजनीतिकर्मीहरू छोराछोरीलाई सहरमा महँगो शुल्क बुझाएर पढाउँछन्,’ अधिकारी भन्छन्, ‘यसले आयस्तर कमजोर भएकालाई पनि प्रभाव पारेको देखिन्छ ।’

प्रतिष्ठित र हुनेखानेहरू छोराछोरी पढाउने बहानामा सहर पसेपछि गाउँका अरू मानिस पनि ‘बरु काम गरेरै छोराछोरी पढाउँछौँ’ भन्दै सहर पस्ने संस्कार जस्तै बनेको उनको बुझाइ छ । अधिकारी राज्यले ग्रामीण क्षेत्रका सामुदायिक विद्यालयलाई विश्वासयोग्य बनाउने नीति ल्याउनुपर्ने बताउँछन् । प्रतिष्ठित र आयस्तर राम्रो भएका परिवारलाई पनि गाउँकै विद्यालयले प्रेरित गर्न सक्ने वातावरण बनाउनुपर्ने उनको धारणा छ ।

## वीरेन्द्रनगमा...

५८ जना शिक्षक कार्यरत छन् । स्वीकृत दरबन्दीलाई मात्र आधार मान्ने हो भने विद्यालयको विद्यार्थी संख्या विद्यार्थी-शिक्षक अनुपातको दोब्बर हो ।

विद्यालय व्यवस्थापन समिति अध्यक्ष गोविन्द कोइरालाका अनुसार वीरेन्द्रनगरबाहिरबाट आएर पढ्ने विद्यार्थीमध्ये दैलेख र कालीकोटका धेरै छन् । त्यसपछि कर्णालीका अन्य जिल्लासँगै लुम्बिनीका बाँके, बर्दिया र सुदूरपश्चिमको अछामलगायत जिल्लाका विद्यार्थी पनि जन नमुनामा पढिरहेका छन् ।

‘यतातिर अभिभावकको जागिर वा व्यवसाय भएकाहरू बढी हुनुहुन्छ,’ कोइराला भन्छन्, ‘अभिभावकले पढ्नकै लागि भनेर वीरेन्द्रनगर पठाएका विद्यार्थी पनि हाम्रो विद्यालयमा छन् ।’ वीरेन्द्रनगरकै अर्को विद्यार्थी चाप भएको सामुदायिक विद्यालय हो- अमरज्योति नमुना माध्यमिक विद्यालय ।

वीरेन्द्रनगर-१२ मा रहेको यो विद्यालय सुर्खेतका पुराना विद्यालयमध्ये पर्छ । विद्यालयमा तीन हजारभन्दा बढी विद्यार्थी पढ्छन् । तीमध्ये अधिकांश विद्यालयको सेवा क्षेत्रभन्दा बाहिरका छन् । ‘ हाम्रो विद्यालयमा अधिकांश वीरेन्द्रनगर बाहिरका विद्यार्थी छन्,’ विद्यालय व्यवस्थापन समिति सदस्य चन्द्रा लामिछाने भन्छिन्, ‘सेवा क्षेत्रभित्रका त १५ प्रतिशत मात्र होलान् ।’

प्रधानाध्यापक खगेन्द्र थापाका अनुसार विद्यालयको सेवा क्षेत्रभित्रका धेरै अभिभावक र विद्यार्थीको रोजाइ काठमाडौँ वा निजी विद्यालय हुने गरेको छ । त्यसैले कर्णाली र सुदूरपश्चिमका माथिल्ला जिल्लाका विद्यार्थी अमरज्योतिमा बढी छन् । विद्यालयले क्षमताभन्दा दोब्बर बढी विद्यार्थी भर्ना गरेर पठनपाठन सञ्चालन गर्नुपरेको थापा बताउँछन् ।

‘सरकारको दरबन्दी, पैसा र पूर्वाधारका हिसाबले त हामीले १२ सयभन्दा बढी विद्यार्थी पढाउन सक्दैनौँ,’ थापा भन्छन्, ‘तर, पढ्न भनेर आउनेलाई वञ्चित गर्नु हुँदैन भनेर हामीले क्षमताभन्दा दोब्बर विद्यार्थी पढाइरहेका छौँ ।’ गाउँबाट सहरकेन्द्रित हुने विद्यार्थी प्रवृत्ति दुई स्थानीय तहको तथ्यांकबाट पनि देखिन्छ । जाजरकोटको छेडागाड नगरपालिकामा ८७ सामुदायिक विद्यालय र समुदायकेन्द्रित प्रारम्भिक बालविकास केन्द्र गरी एक सय नौ शैक्षिक संस्था छन् । यी सबै विद्यालयमा कुल विद्यार्थी संख्या करिब १२ हजार छ । प्रदेश राजधानी रहेको वीरेन्द्रनगरका १ देखि १२ वडाभित्र मात्रै सबै प्रकारका गरी एक सय ३७ विद्यालय छन् । यी विद्यालयमा ६८ हजारभन्दा बढी विद्यार्थी छन् । दुर्गमको सिंगो छेडागाड नगरपालिका र वीरेन्द्रनगर उपत्यकालाई विद्यार्थी संख्याका आधारमा तुलना गर्दा वीरेन्द्रनगर उपत्यकामा पाँच गुणाभन्दा बढी विद्यार्थी छन् ।

**मानव बेचबिखन अपराध हो ।**

- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने ।
- मानिसलाई खरिद बिक्री गर्ने र जवरजस्ती काममा लगाउने ।
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने ।
- प्रचलित कानून विपरित मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने ।
- वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।

**यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ ।**
**त्यस्तो कार्य कहिकतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।**

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत ।

# डुबेर तीन जनाको मृत्यु

**युग संवाददाता**
**सुर्खेत, ७ असार ।**

सुर्खेतमा शनिबार डुबेर तीन जनाको ज्यान गएको छ। सुर्खेतस्थित जिल्ला प्रहरी कार्यालयका अनुसार वीरेन्द्रनगर नगरपालिका-१० की १४ वर्षीया सम्झना थापा र १२ वर्षीया कल्पना रावतको शनिबार साँझ टुनी खोलामा पौडी खेल्ने क्रममा डुबेर मृत्यु भएको हो।

त्यसैगरी, दैलेखको गुराँस गाउँपालिकाका १८ वर्षीय रमेश पुनको शनिबार नै दहतातलमा डुबेर मृत्यु भएको छ।

# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम किसानलाई प्रविधिसँगै जोड्दै

**युग संवाददाता**
**कैलाली, ७ असार ।**



कैलालीमा सञ्चालित राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमले किसानलाई नयाँ प्रविधिसँगै जोडेको छ। जिल्लामा सञ्चालित 'गहुँ सुपरजोन', 'तेलहन जोन', 'धान जोन' र 'माछा जोन' कार्यक्रममा विभिन्न आधुनिक यन्त्र उपकरणमार्फत किसानलाई नयाँ प्रविधिसँगै जोड्दै लगेको हो।

परम्परागत खेतीलाई व्यावसायिक र यन्त्रमैत्री बनाउन चालु आवमा अनुदानमा विभिन्न किसिमका आधुनिक कृषि औजार कृषकहरुलाई वितरण गरिएको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइका प्रमुख सन्जु उपाध्याय रिमालले जानकारी दिए।

जानकी गाउँपालिका-४ मुनुवास्थित विज वृद्धि कृषि सहकारी संस्था लिमिटेडलाई ७५ प्रतिशत अनुदानमा चार पाङ्ग्रे धान रोप्ने यन्त्र प्रदान गरिएको जानकारी दिए। उक्त यन्त्रबाट १२ हेक्टर क्षेत्रफलमा धान रोपाइँ सुरु भएको छ। धान रोप्ने यन्त्रले रोपाइँमा धेरै सहज हुन थालेको उक्त सहकारी संस्थाका अध्यक्ष विजयकुमार कठरियाले बताए। उनले भने, " धान रोप्ने कामदार पाउन समस्या छ। रोपाहारले धान रोप्दा महँगो पर्छ, समय पनि बढी लाग्छ। यन्त्रले काम छिटो हुन्छ, लागत पनि कम लाग्छ।"

त्यसैगरी, भजनी नगरपालिका-६ नवलपुरस्थित शुभकामना सामुदायिक कृषक समूहलाई चक्लाबन्दीमा चैतेधान कार्यक्रममा कृषि यान्त्रीकरणअन्तर्गत ५० प्रतिशत अनुदानमा तीन वटा पावर टिलर, आठ ओटा सिँचाइ मोटर, तीन वटा डिजल इन्जिन, एउटा रोटाभेटर, विषादी, डेलिभरी पाइपलगायतका सामान वितरण गरिएको कार्यालय प्रमुख रिमालले जानकारी दिए।

मासु निर्यातका लागि राँगा/भैँसी प्रवर्द्धन कार्यक्रम, युवा लक्षित पशुपन्छी तथा उद्यमशीलता विकास कार्यक्रमअन्तर्गत विभिन्न क्रियाकलाप गरिएको पनि बताउनुभयो। एकाइको अनुदान सहयोगमा जिल्लामा भएका विभिन्न कार्यक्रमहरुको शनिबार जिल्ला समन्वय समिति कैलालीका प्रमुख टीकाकुमारी चौधरीको नेतृत्वमा सरोकार भएका अन्तरनिकाय संयुक्त अनुमन टोलीले अनुगमन गरेको थियो।

अनुगमनपछि प्रतिक्रिया दिँदै समन्वय समिति प्रमुख चौधरीले राष्ट्रिय कृषि आधुनिकीकरण परियोजनाले समयानुकुल यन्त्र औजार वितरण गरेर किसानलाई सहज बनाएको बताए। जिल्लामा गहुँ सुपरजोन आर्थिक वर्ष २०७३/७४, तेलहन जोन आव २०७४/७५, धान जोन आव २०७८/७९ र माछा जोन आव २०८१/८२ मा सुरु भएको थियो।

## गाउँका...

संख्या कमजोर रहँदै आएको छ। सहरमा पढाउन नसक्ने परिवारका बालबालिका मात्र विद्यालयमा आउने गरेकाले विद्यार्थी संख्या न्यून हुने गरेको उनी बताउँछिन्। कुल विद्यार्थीमध्ये १७ जना बालविकास तहमा छन्। कक्षा १ देखि ३ सम्म ३० जना विद्यार्थी छन्।

'विकास साझेदार संस्थाको सहयोगमा विद्यालयको पूर्वाधार राम्रो बनेको छ, तर शिक्षक दरबन्दी नभएकाले ५ सम्म चलेको विद्यालय ३ मा घटाइएको हो,' शाही भन्छिन्, '३ कक्षासम्मका लागि पूर्वाधार र शिक्षक पर्याप्त भए पनि विद्यार्थी थपिँदैनन्, बरु घट्छन्। धेरैजसोले अहिले बजार क्षेत्रमै पढाउन खोज्ने भएर होला, गाउँका विद्यालयमा विद्यार्थी नथपिने भएको छ।' विद्यार्थी घट्ने समस्या साना प्राविवा आधारभूत विद्यालयमा मात्र सीमित छैन। प्राविधिक विषय पढाइ भइरहेका ठूला विद्यालयमा पनि बसाइँसराइको असर देखिन थालेको छ।

दैलेखको भगवतीमाई गाउँपालिकाको प्रशासनिक केन्द्र बेस्तडा बजारस्थित ज्वाला माध्यमिक विद्यालयमा पछिल्लो तीन वर्षमा विद्यार्थी संख्या करिब ४० प्रतिशतले घटेको छ। शैक्षिक वर्ष २०७९ सम्म यस विद्यालयमा नौ सय भन्दा बढी विद्यार्थी थिए। अहिले पाँच सय हाराहारी विद्यार्थी मात्र छन्।

यहाँ प्राविधिकतर्फ कृषि विषय पनि पढाइ हुन्छ। ज्वाला माविका शिक्षक देवेन्द्र अधिकारीका अनुसार सहर पसेकाहरूको जीवनशैली देखेर परिवारै सहर झर्ने क्रम बढेको छ। 'बाबुआमा सहर गएपछि छोराछोरी गाउँका विद्यालयमा पढ्नका लागि बस्ने कुरा भएन,' अधिकारी भन्छन्, 'अर्को कुरा एसईईपछि माथिल्लो कक्षा पढ्न विद्यार्थीकै रोजाइमा सहरका स्कुल हुन्छन्। त्यसैले गाउँका ठूला विद्यालयमा पनि विद्यार्थी घट्दै गएका हुन्छन्।'

जाजरकोटको जनप्रिय माध्यमिक विद्यालयको रेकर्डमा एक हजारभन्दा बढी विद्यार्थी छन्। तर, विद्यालयमा नियमित उपस्थित हुने विद्यार्थी आधाभन्दा कम हुने शिक्षकहरू बताउँछन्। त्यसको कारण हो-सबै विद्यार्थी विद्यालयको सेवा क्षेत्रभित्रका नहुनु। गाउँबाट बसाइँ सरेर सहर गएका परिवारका विद्यार्थीहरू एसईई परीक्षा दिन कक्षा १० मा जनप्रिय माविमा भर्ना हुने गरेका छन्।

'यहाँबाट परीक्षा दिन सजिलो होला भन्ने गलत विश्वासका कारण पनि ९ कक्षासम्म सहरमा पढेका विद्यार्थी १० कक्षामा यता भर्ना हुने भइरहेको छ,' जनप्रिय माविका शिक्षक रज्नबहादुर बुढा भन्छन्, 'यहाँ एसईई दिन भनेर भर्ना हुने विद्यार्थी पनि गाउँबाटै बसाइँ सरेर सहर गएकाहरू बढी हुन्छन्।' यसले अर्को समस्या देखाउँछ-विद्यालयको तथ्यांकमा विद्यार्थी छन्, तर वास्तविक कक्षाकोठामा छैनन्।

# नेपाललाई एडीबीको ११ करोड ५० लाख डलर सहुलियत ऋण

**युग संवाददाता**
**काठमाडौं, ७ असार ।**

एशियाली विकास बैंक (एडीबी)ले नेपालका नगरपालिकाहरूमा खानेपानी तथा सरसफाइ सेवाको पहुँच विस्तार गर्न ११ करोड ५० लाख अमेरिकी डलर (करिब १५ अर्ब रुपैयाँभन्दा बढी) बराबरको सहुलियत ऋण स्वीकृत गरेको छ।

एडीबीका अनुसार उक्त ऋणबाट सञ्चालन हुने एकीकृत खानेपानी आपूर्ति तथा ढल व्यवस्थापन परियोजना मार्फत १३ जिल्लाका ८ लाख ५० हजारभन्दा बढी नागरिक प्रत्यक्ष लाभान्वित हुनेछन्।

परियोजनाले शहरी क्षेत्रमा सुरक्षित खानेपानीको पहुँच विस्तार गर्नुका साथै ढल तथा फोहरपानी व्यवस्थापन प्रणालीलाई समेत सुदृढ बनाउने लक्ष्य राखेको छ। परियोजनाअन्तर्गत नगरपालिकाहरूमा खानेपानी वितरण प्रणाली विस्तार, ढल व्यवस्थापन पूर्वाधार निर्माण तथा सरसफाइ सेवाको सुधारका कार्यक्रम सञ्चालन गरिने जनाइएको छ। यसले बढ्दो शहरी जनसंख्याका कारण सिर्जित खानेपानी र सरसफाइसम्बन्धी समस्यालाई न्यूनीकरण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

एडीबीका नेपालस्थित कन्ट्री डाइरेक्टर आर्नो कोश्वाले नेपालमा तीव्र शहरीकरणका कारण शहरी क्षेत्रमा अत्यधिक चाप बढ्दै गएको र धेरै समुदाय अझै सुरक्षित खानेपानी तथा आधारभूत सरसफाइ सेवाबाट वञ्चित रहेको बताए।

उनले परियोजना कार्यान्वयनपछि नगरपालिकाका बासिन्दाको खानेपानी तथा सरसफाइ सेवामा पहुँच उल्लेखनीय रूपमा वृद्धि हुने विश्वास व्यक्त गरे। परियोजनालेसार्वजनिक स्वास्थ्य सुधार, वातावरणीय प्रदूषण न्यूनीकरण तथा दिगो शहरी विकासमा समेत योगदान पुर्‍याउने अपेक्षा गरिएको छ।

# ठुलो परिमाणको लागुऔषधसहित भारतीय नागरिक पक्राउ

> "भारतबाट नेपालतर्फ आउँदै गरेको मोटरसाइकललाई शंका लागी रोकेर चेकजाँच गर्न लाग्दा मण्डल भाग्न खोजेका थिए।



**युग संवाददाता**
**मोरङ, ७ असार ।**

मोरङको रंगेली नगरपालिका-७ स्थित भेडुवाथानबाट ठुलो परिमाणको लागुऔषधसहित एक जना भारतीय नागरिकलाई प्रहरीले पक्राउ गरेको छ। भारतको बिहारस्थित अररिया जिल्लाको सिक्टी थाना आँपगाछी पञ्चायत-१४ का २५ वर्षीय अभिषेककुमार मण्डललाई लागुऔषधसहित पक्राउ गरेको मोरङ प्रहरीका प्रवक्ता डिएसपी मकेन्द्रकुमार मिश्रले जानकारी दिए।

उनका अनुसार शनिबार राति साढे ८ बजेतिर भारतीय नम्बरको बीआर ३८ एएच ८७९८ मोटरसाइकलमा बोरामा पोको पारी लागुऔषध लिएर नेपाल आउँदै गरेका मण्डललाई इलाका प्रहरी कार्यालय रंगेलीको टोलीले पक्राउ गरेको हो।

भारतबाट नेपालतर्फ आउँदै गरेको मोटरसाइकललाई शंका लागी रोकेर चेकजाँच गर्न लाग्दा मण्डल भाग्न खोजेका थिए। प्रहरीले नियन्त्रणमा लिएर मोटरसाइकलको पछाडि राखिएको बोरा खानतलासी गर्दा ठूलो परिमाणमा लागुऔषध नियन्त्रणमा लिइएको डिएसपी मिश्रले बताए। उनले भने, 'बोराबाट ट्रामाडोल हाइड्रोक्लोराइड क्याप्सुल नामक लागुऔषध ३ हजार ५० पत्ता फेला परेको थियो । एउटा पत्तामा १० क्याप्सुल हुन्छ । जम्मा ३० हजार ५ सय क्याप्सुल लागुऔषध बरामद भयो।' उनीविरुद्ध लागुऔषध ऐनअन्तर्गतको मुद्दा चलाउने तयारी गरेको प्रहरीले जनाएको छ।

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरू
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

यूनिक डेण्टल
मो. ९८४९९८७९३३, ९८१३१९६५०० केयर होम

Dental Tips
1.फ्लोराइड भएको टूथपेस्टले दिनमा २ पटक ब्रस गर्ने
2.मिठाई, जङ्क फुड र कोल्ड ड्रिङ्क जस्ता दाँतमा टाँसिने कुराहरू कम खाने।
3.६ महिनामा एक पटक दन्त चिकित्सकलाई चेक–अप गराउने।

हाम्रो विशेष दन्त प्याकेज
विवाह प्याकेजहरू 15% छुट
आर्मी सेलेक्सन प्याकेज 25% छुट
जागिरे प्याकेज 20% छुट
विद्यार्थी प्याकेज 25% छुट
व्यापारी प्याकेज 20% छुट

डा. शक्ति वि क
जेनरल एस्थेटिक डेण्टिष्ट
NMC No. २६२६०

डा. मुक्ति रानाभाट
कन्सलटेण्ट अर्थोडोण्टिष्ट
NMC No. १४९९३

पश्चिम नेपालकै सबै भन्दा ठूलो २८x४० साईजको मेसिनबाट छपाई
RARA Printing Pvt.Ltd.
रारा प्रिन्टीङ्ग प्रा.लि.
Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)
Book & Copy Printing
Packaging Box Printing
Wedding Card Printing
Stamp
Fiber Bag Printing
हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।
सम्पर्क नं.
९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।